# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९
## दैनिक अनुगमन प्रतिवेदन

प्रतिनिधि सभा ललितपुर क्षेत्र नम्बर-३ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार डा. तोसिमा कार्कीको उम्मेदवारी कायम भएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वर खतिवडा र तिलप्रसाद श्रेष्ठको इजलासले कात्तिक २८ गते कार्कीको उम्मेदवारी कायम गर्ने यसअघिको आदेशलाई निरन्तरता दिएपछि उहाँको उम्मेदवारी कायम भएको हो । यसअघि सर्वोच्च अदालतको एकल इजलाशले नै उहाँको उम्मेदवारी कायम राख्ने अल्पकालीन आदेश दिएको थियो । निर्वाचन आयोगले तोसिमा नेपाल मेडिकल काउन्सिलको सदस्य रहेको र उहाँले सरकारी कोषबाट बैठक भत्ता बुझ्ने हुनाले उहाँको पद लाभको पद किटान गरी उम्मेदवारी खारेज हुने निर्णय गरेको थियो । त्यसविरूद्ध तोसिमा सर्वोच्च जानुभएको थियो ।

निर्वाचन आयोगले स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहीत निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन कार्यमा संलग्न विभिन्न निकायलाई सात बुँदे निर्देशन जारी  गरेको छ  । आयोगले अनुगमन अधिकृत र जिल्ला आचार संहिता अनुगमन समितिलाई हालसम्म प्राप्त भएको आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी र सो सम्बन्धमा सोधेको स्पष्टीकरण, उजुरीको फर्स्योट र कारबाहीको अवस्थासहितको प्रगति विवरण समितिमा वा आयोगमा पठाउन पनि निर्देश गरेको छ । त्यस्तै निर्वाचन आयोगले निर्वाचनको मौन अवधिदेखि मतगणना कार्य पूरा नभएसम्म मादक पदार्थ विक्री वितरण तथा सेवन गर्ने काम निषेध गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

### प्रदेश १

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन ०७९ निर्वाचन हुने मिति नजिकिएसँगै प्रदेश १ का विभिन्न जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आचारसंहिता विपरितका गतिविधि गरेको भन्दै लिखित उजुरी परेको छ । जिल्लामा रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार कात्तिक २८ गतेसम्म जिल्लामा निर्वाचन आचारसंहिता ०७९ विपरित गतिविधि गरेको भन्दै १३ ओटा लिखित उजुरी परेको छ । ११ जना कर्मचारीलाई कारबाही गरी निर्वाचन कर्मचारीबाट हटाइएको छ ।

**पाँचथर प्रतिनिधि सहमान विश्वकर्मा**का अनुसार कात्तिक २८ गतेसम्मको अवधिमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तीन ओटा लिखित उजुरी परेको छ । निर्वाचन प्रचारप्रसारका क्रममा फाल्गुनन्द गाउँपालिकाको प्राङगणमा गठवन्धन दलको चुनावी आमसभा गरिएको, निर्वाचन प्रचारप्रसारमा सरकारी विद्यालयका स्थायी शिक्षक परिचालित भएको र समुदायमा रहेका क्लबलाई फुटबललगायतका सामाग्री वितरण गरिएको सम्बन्धी छुट्टैछुट्टै उजुरी दर्ता भएको मुख्य निर्वाचन अधिकृत टिकेन्द्र दाहालले बताउनु भयो । आयोगले उजुरी उपर छानविन गरी कारबाही प्रक्रिया अघि बढाउने जनाएको छ ।

**धनकुटा प्रतिनिधि ईश्वर थापा**का अनुसार प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन ०७९ आचारसंहिता विपरितका लिखित उजुरी जिल्ला निर्वाचन कार्यालयमा नपरेपनि मौखिक उजुरी भने आएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचनमा भाग लिएका राजनीतिक दल र उम्मेदवारहरूका तर्फबाट आचारसंहिता उल्लङ्घन भएको भनेर मौखिक उजुरी आएपनि लिखित उजुरी नपरेको आचारसंहिता अनुगमन समितिका संयोजक ध्रुव कार्कीले बताउनु भयो । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको मिति एकसाता बाँकी रहँदा आचारसंहिता उल्लङ्घनका भनेर दैनिक दुई ओटासम्म फोन तथा भाइवर, वाट्स एपबाट उजुरी आउने गरेको अनुगमन समिति संयोजक कार्कीले बताउनु भयो ।

**ओखलढुङ्गा प्रतिनिधि सरस्वती बानिया**का अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा कात्तिक २८ गतेसम्म पाँच ओटा लिखित उजुरी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन ०७९ का जारी गरिएको निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा लिखित उजुरी परेका मध्ये तीन जनाले स्पष्टीकरण पेश गरेको आचारसंहिता अनुगमन अधिकृत यज्ञराज उप्रेतीले बताउनु भयो । उजुरी परेका सबैजनालाई स्पष्टीकरण सोधिएको भएपनि दुई जनाले भने स्पष्टीकरण बुझाउन बाँकी छ ।

**खोटाङ प्रतिनिधि तारानाथ फुयाल**का अनुसार निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको विषयमा जिल्ला निर्वाचन कार्यालयमा दुई ओटा उजुरी परेको निर्वाचन कार्यालयले जनाएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आचारसंहिता उल्लङ्घन सम्वन्धी दुई ओटा उजुरी परेको छ । आचारसंहिता विपरित चुनावी कार्यक्रम गरेको भन्दै माओवादी केन्द्रका नेता जमानसेर राईले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ दोर्पाचिउरीडाँडाका वडाध्यक्ष लिलाकुमार चौहानसहित १० जना विरूद्ध कारबाहीका लागि उजुरी दिनु भएको छ ।

**सङ्खुवासभा प्रतिनिधि भविन कार्की**का अनुसार निर्वाचन आचारसंहिता ०७९ उल्लङ्घन गरेको आरोपमा ११ जना कर्मचारीमा कारवाही गरिएको छ । निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा ११ जना कर्मचारीलाई कारवाही गरिएको आचारसंहिता अनुगमन समितिका संयोजक चिरञ्जीवी अधिकारीले बताउनु भयो। अनुगमन समितिका संयोजक अधिकारीका अनुसार जिल्लाका १० जना शिक्षक र एक जना कर्मचारी छन् । आचारसंहिता उल्लङ्घन गर्ने ११ जनामाथि स्पष्टीकरण सोधिएको उहाँको भनाइ छ। उम्मेदवारको पोष्ट लाइक सेयर र कमेन्ट गरेको लिखित उजुरीका आधारमा ११ जना माथि कारबाही गरिएको अनुगमन समितिका संयोजक अधिकारीले बताउनु भयो। स्पष्टीकरण पश्चात सबैजनाले निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन निर्वाचन आचारसंहिता पालन गर्ने प्रतिबद्धता जनाएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। ११ जनालाई नै निर्वाचन कर्मचारी बाट हटाएको जनाएको छ ।

**सोलुखुम्बु प्रतिनिधि अञ्जु कार्की**का अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आचारसंहिता विपरितका गतिविधि गरेको आरोपमा तीन ओटा लिखित उजुरी परेको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले कात्तिक २८ गतेसम्म तीन ओटा लिखित उजुरी परेको जानकारी दिएको छ । खुम्बुपासाङ ल्हामु गाउँपालिका अध्यक्ष उपाध्यक्ष, माप्य दुधकोशी गाउँपालिका अध्यक्ष र थुलुङ दुधकोशी गाउँपालिका अध्यक्षविरूद्ध आचारसंहिता विपरित कार्य गरेको भन्दै उजुरी परेको सहायक निर्वाचन अधिकृत नगेन्द्रकुमार कालाखेतीले बताउनु भयो ।

## मधेस प्रदेश

**सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा होमिएका सप्तरीका मुख्य दलले निर्वाचन आचार संहिता विपरित माइक तथा लाउडस्पिकरको प्रयोग गरेर प्रचार प्रसार गरिरहेका छन्। सप्तरीको कञ्चनरुप, हनुमाननगर, भारदहसहित क्षेत्र नम्बर १ मा र राजविराज, छिन्नमस्तासहित क्षेत्र नम्बर २ मा टेम्पो, सिटी रिक्सालगायतमा दलहरुले ठूलो साउण्डमा चुनावी गीत र प्रचार बजाइरहेका छन्।

निर्वाचन क्षेत्र नम्बर २ मा माओवादी केन्द्र र लोसपा तथा क्षेत्र नम्बर १ मा जसपाले दिनभरी ठूलो आवाजमा चुनावी गीत, नारा र जिंगल बजाउने गरेको छ । डिजे साउण्ड बक्समा प्रचार बज्न

थालेपछि मुटु धडकिने र घरभित्र बस्दा पनि कान थुनेर बस्नु परेको राजविराज नगरपालिका-६ की ८० वर्षीया सुमित्रा न्यौपानेले गुनासो गर्नु भयो ।

**धनुषा प्रतिनिधि दिपेन्द्रप्रसाद सिंहका अनुसार** धनुषाको निर्वाचन क्षेत्र नं. ३ (क) प्रदेश सभाका उम्मेदवार जितेन्द्रकुमार यादवलाई निर्वाचन आयोगले कात्तिक २८ गते २४ घण्टे स्पष्टीरकण माग गरेको छ । नम्बर प्लेट समेत नदेखिने गरी सवारी साधनको स्वरुप परिवर्तन गरी माइकिङ गर्दै निर्वाचन प्रचारप्रसार गरेको कार्य निर्वाचन आचारसंहिता विपरीत भएको आयोगको ठहर छ ।

'तपाईंको प्रचारप्रसारमा प्रयोग भएको सवारी साधनको श्रव्यदृश्य सामग्री यसैसाथ छ । उक्त सवारी साधन तपाईंको प्रचारप्रसारमा प्रयोग भएको होइन भन्ने आधार कारण के छ ?,'स्पष्टिकरणमा लेखिएको छ,-'यदि तपाईंको प्रचारप्रसारमा उक्त सवारी साधन प्रयोग भएको हो भने तपाईंको कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा १ ३ को ख ण ड ( द ) र दफा १४ को खण्ड (ग) को विपरीत हुने भएकोले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिम कारवाही हुनु नपर्ने कारण के छ ?' ।

**यसैबिच** जिल्ला प्रशासन कार्यालय धनुषाले प्रतिनिधी सभा र प्रदेश सभा सदस्य निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न भारतसँग जोडिएका सीमा नाका मङ्सिर १ गते ४ गतेसम्म बन्द गर्ने निर्णय गर्दै कात्तिक २७ गते सार्वजानिक सूचना जारी गरेको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न शान्ति सुरक्षालाई दृष्टिगत गरि स्थानिय प्रशासन ऐन,२०२८ तथा स्थानिय तह निर्वाचन निर्देशिका, २०७९ का विभिन्न व्यवस्था अनुसार भारतीय सिमा नाका बन्द गर्ने निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडलले बताउनु भयो ।

सूचनामा मंसिर ३ गते राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नहुञ्जेलसम्म एम्बुलेन्स, खानेपानी टयाङकर, दमकल, दूरसञ्चार सेवा, शव बहान,अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधन र अनुमति प्राप्त सवारी साधन बाहेकको सवारी साधन सञ्चालन गर्न निषेध गरिएको पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

**यसैबिच** प्रतिनिधि तथा प्रदेशसभा निवाचनका लागि धनुषाको जनकपुरधाम उपमहानगरपालिका, बटेश्वर गाउँपालिका र मिथिला नगरपालिकामा कात्तिक २७ गते नमुना मतदान गरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित समग्र विकास सेवा केन्द्रको आयोजनामा भएको नमूना मतदानमा मतदानको सबै प्रक्रिया पूरा गरेर नमूना मतदान गराइएको थियो । मतदानमा महिला पुरुष गरी १ सय ५५ जना सहभागि भएका थिए । सही तरिकाले मतदान गराउन नमूना मतदान गराइएको सम्झना कुमारी राउतले बताउनु भयो ।

मिथिला नगरपालिकाको कार्यालय ढल्केवर र बटेश्वर गाउँपालिकाको वडा नं. २ स्थित कार्तिककुवँर बजारमा नमुना मतदान गराइएको छ । नमुना मतदानमा मिथिला नगरपालिकामा नगर प्रमुख महेन्द्र महतो, उपप्रमुख सुनिता सिंह बुढाथोकी, बटेश्वर गाउँपालिकामा भएको नमुना मतदानमा गाउँपालिका अध्यक्ष रामअशिष महतो, उपाध्यक्ष फुलकुमारी सिंहलगायतको सयौंको संख्यामा स्थानियहरु नमुना मतदानमा सहभागि भएका छन् ।

नमुना मतदानमा जनप्रतिनिधीलगायत कर्मचारी र सर्वसाधारणहरुको सहभागिताले गर्दा मतदानमा खटिएका कर्मचारीहरुलाई निर्वाचनको दिन हुन सक्ने चुनौती र सुधार गर्नुपर्ने पक्ष र न्युनिकरणका लागि गर्नुपर्ने प्रयासबारे अवगत हुनुको साथै सर्वसाधारणहरुलाई समेत मतदानको समयमा गर्नुपर्ने दायित्वबारे जानकारी भएको मिथिला नगरपालिकाका उपप्रमुख सुनिता सिंह बुढाथोकीले बताउनु भयो ।

## बागमती प्रदेश

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को बागमती प्रदेशका १३ ओटै जिल्लामा शान्तिपूर्ण रूपमा भइरहेको छ । इन्सेक जिल्ला प्रतिनिधिका अनुसार यस प्रदेशमा आचारसंहिताका केही घटना सार्वजनिक हुनका साथै निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्य बाहेक अन्य गतिविधि भएका छैनन् ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धितालका** अनुसार गठबन्धनमा संलग्न भएका दलहरू र नेकपा (एमाले) ले चुनाव प्रचारप्रसार गर्ने क्रममा नीजि घरहरू तथा सार्वजनिक स्थलमा निर्वाचन चिह्न अंकित झण्डाहरू राखेको पाइयो । निर्वाचन आचारसंहिताको परिच्छेद २ को 'ज' मा कसैको नीजि घरजग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनीक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थलमा दलको भण्डा, दल वा उमेद्वारको निर्वाचन निन्ह राख्न टास्न नहुने उल्लेख भए पनि दलहरूले पालना नगरेको पाइएको छ। त्यस्ता आचारसंहिता उल्लङ्घन भएका घटनाको जानकारी आएपछि हटाउन सम्बन्धित दलहरूलाई निर्देशन दिएको जिल्ला निर्वाचन अधिकृत विकास रिजालले बताउनुभयो ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारीका** अनुसार राप्रपाले समानुपातिक उम्मेदवार बुद्धिमान तामाङको फोटो राखेर आचार संहिता विपरीत रंगिन कार्ड वितरण गरेको छ । राप्रपाले नीलकण्ठ नगरपालिका-३  धादिङबेसी बजारमा सर्वसाधारणलाई रंगिन कार्य वितरण गरेको हो ।
यसैगरी अन्य पार्टीले पनि भोट मागेर बनाइएको फ्लेक्स प्रदर्शन गरेका छन् । यस किसिमको फ्लेक्स कार्यक्रम स्थलमा सभा कार्यक्रमको व्यानर र कार्यालयको लागि राख्न पाइन्छ तर आचार संहिता विपरीत नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एस, नेकपा माओवादी केन्द्रले फ्लेक्स व्यानरको प्रयोग सार्वजनिक स्थल तथा व्यक्तिगत घरमा गरेको पाइएको छ ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडाका** अनुसार गोसाइकुण्ड गाउँपालिका -५ को भार्खुमा गठबन्धन दलको नेपाली कांग्रेसलेभोज लागए का छन् भने नेपाली कांग्रेसले नौकुण्ड गाउँपीलका -१ मा भोज लगाएको छ। त्यससैगरी गाडीमा झण्डा, राखेको र सडक क्षेत्रमा नेपाली कांग्रेस र नेकपा माओवादी उम्मेदवारको प्रचार गर्न पोष्टर टाँसेको छन् भने कालिका गाउँपालिकाको बिभिन्न ठाउँ ठाउँमा तोरण टागेका छन् ।

**इन्सेक काठमाडौं प्रतिनिधि विमल पौडेलका** अनुसार प्रतिनिधि प्रदेश सभा निर्वाचनका लागि जिल्लामा राजनीतिक दलहरूले प्रचार प्रसारलाई तिब्रता दिएका छन् । इन्सेक लगायत बिभिन्न पर्यवेक्षण संस्थाबाट राजधानीका बिभिन्न स्थलमा अनुगमन गर्दा उम्मेदवारहरूले आचारसंहिता विपरीत ठूलो साउण्ड सिस्टम प्रयोग गरेर प्रचारप्रसार गरेको पाइएको छ ।
यसैबीच, निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनबारे नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिलाई निर्वाचनबारे जानकारी गराएको छ । कात्तिक २८ गते निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नियोगका प्रतिनिधिहरूलाई प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्न आयोग प्रतिवद्ध रहेको बताउनुभयो । कार्यक्रममा आयोगका उपसचिव कमल भट्टराईले निर्वाचनका लागि गरिएको सुरक्षा व्यवस्था, आचार संहिता कार्यान्वयनका लागि गरिएको प्रबन्ध, निर्वाचन अनुगमन गर्ने संस्था तथा पर्यवेक्षहरूको बारेमा विस्तृत कुटनैतिक नियोगका प्रमुख र प्रतिनिधिलाई जानकारी गराउनुभएको थियो । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा तीन ओटा अन्तराष्ट्रिय संस्था र ४४ ओटा राष्ट्रिय संस्थाबाट ८ हजार पर्यवेक्षक परिचालित रहेका छन् ।

निर्वाचन आयोगले स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहीत निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन कार्यमा संलग्न विभिन्न निकायलाई सात बुँदे निर्देशन जारी गरेको छ । आयोगले अनुगमन अधिकृत र जिल्ला आचार संहिता अनुगमन समितिलाई हालसम्म प्राप्त भएको आचार संहिता उल्लङ्घनसम्बन्धी उजुरी र सो सम्बन्धमा सोधेको स्पष्टीकरण, उजुरीको फर्स्योट र कारबाहीको अवस्थासहितको प्रगति विवरण समितिमा वा आयोगमा पठाउन पनि निर्देश गरेको छ । त्यस्तै निर्वाचन आयोगले निर्वाचनको मौन अवधिदेखि मतगणना कार्य पूरा नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवन गर्ने काम निषेध गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

**इन्सेक भक्तपुर प्रतिनिध रमेश गिरी**का अनुसार आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि भक्तपुरमा आवश्यक सुरक्षा व्यवस्थाको तयारी पूरा भएको छ । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षा तयारी पूरा भएको प्रमुख बताउनु भएको हो । प्रशासन कार्यालयको नेतृत्वमा भक्तपुरमा निर्वाचनका लागि २ हजार २ सय १८ सुरक्षाकर्मी परिचालन हुने जानकारी दिँदै उहाँले सुरक्षा कमाण्ड र रिजर्भ टोली परिचालन गर्ने कार्यको समेत तयारी पुरा भएको बताउनु भयो । भक्तपुरमा कूल एक लाख ९२ हजार ३ सय ७२ मतदाता रहेका मध्ये क्षेत्र नं १ मा ४९ हजार ८ सय ३९ पुरुष र ५१ हजार ४ सय २२ महिला गरी एक लाख १ हजार २ सय ६१ मतदाता रहेका छन् । क्षेत्र नं २ मा ४४ हजार ८ सय ४४ पुरुष, ४७ हजार ६२ महिला र ५ अन्य गरी जम्मा ९१ हजार १ सय ११ मतदाता छन । भक्तपुरमा ७६ मतदानस्थल र २ सय १९ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नरेन्द्रप्रसाद न्यौपानेले बताउनु भयो ।

## गण्डकी प्रदेश

**इन्सेक बागलुङ प्रतिनिधि सृजना पन्त**का अनुसार मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि मतदातालाई शिक्षा दिन स्थानीय तहबाट खटिएका कर्मचारी राजनीतिक दलका प्रतिनिधि भएको भन्दै स्थानीयले गुनासो गरेका छन् । सदर मत बढाउने उद्देश्यले जिल्ला निर्वाचन कार्यलयसँगको सहकार्यमा जिल्लाका १० ओटै स्थानीय तहले प्रत्येक वडामा एक/एक जना महिला स्वास्थ्य स्वयम्सेविका मतदाता शिक्षाको लागि परिचालन गरेका छन् । बागलुङ नगरपालिका-४ को मतदाता शिक्षाको लागि खटिएका महिला स्वास्थ्य स्वयम्सेविका नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता रहेको स्थानीय शान्ति विकले बताउनु भयो । बागलुङ नगरपालिका-४ को मतदाता शिक्षामा खटिएकी सरिता आचार्य नेपाली कांग्रेस, बागलुङको काठेखोला गाउँपालिका वडा नं. ७ मा खटिएकी मिना कार्की नेपाली कांग्रेसका पूर्व वडा सभापतीको बुहारी, गलकोट नगरपालिका वडा नं. ११ मा खटिएकी मिना राना राष्ट्रिय जनमोर्चा निकट रहेको स्थानीयले आरोप लगाएका छन् ।
'स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसको झण्डा बोकेर भोट माग्न आउनुभएको थियो ।'-विकले भन्नुभयो 'अहिले नगरपालिकाबाट खटाएर आएको भन्दै मतदाता शिक्षा दिँदै हिड्नु भएको छ ।' मतदाता शिक्षामा खटिने कर्मचारी कुनै पनि राजनीतिक दलमा आबद्ध नभएको र उसको एकाघरका परिवारका सदस्य समेत राजनीतिक दलमा क्रियाशील नभएको हुनुपर्ने व्यवस्था भए पनि सक्रिय राजनीतिमा रहेका व्यक्तिलाई मतदाता शिक्षा कर्मचारीको रुपमा खटाइएको पाइएको हो ।

राजनीतिक दलमा आबद्ध नभएको व्यक्ति भेटाउन गाऱ्हो हुने भन्दै आफूलाई उहाँ कुन दलमा आवद्ध हुनुहुन्छ भन्ने जानकारी नभएको र महिला स्वास्थ्य स्वयम्सेविकाको हैसियले आचार्यलाई छनौट गरेको वडा नं. ४ का अध्यक्ष कुमारविक्रम क्षेत्रीले बताउनु भयो ।

गाउँपालिकाबाट वडा सचिव र स्वास्थ्य चौकीमा एसईई पास र कुनै पनि राजनीतिक दलमा सक्रिय नभएको व्यक्ति सिफारिस गरी पठाउनको लागि जानकारी गराएको र आफूले सोही व्यक्तिलाई मतदाता शिक्षामा खटाएको काठेखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले बताउनु भयो। मतदाता शिक्षाको लागि खटिएका कर्मचारीले कुनै पार्टी र व्यक्तिलाई किटान गरेर मतदाता शिक्षाप्रदान गरेको भन्दै हालसम्म कुनै सूचना जानकारी प्राप्त नभएको निर्वाचन आचार संहिता अनुगमन अधिकृत धर्मभक्त बस्यालले बताउनु भयो। एसईई पास गरेको, प्रष्ट रुपमा राजनीतिक दलप्रतिको आस्था नखुलेको महिला स्वास्थ्य स्वयंसेविकालाई मतदाता शिक्षाको लागि खटाउन स्थानीय तहलाई आग्रह गरिएको जिल्ला निर्वाचन कार्यलय बागलुङका प्रमुख यज्ञ रिजालले बताउनुभयो।

**इन्सेक गोरखा प्रतिनिधि हरिराम उप्रेती**का अनुसार प्रतिनिधि सभा गोरखा क्षेत्र नम्बर २ का नेकपा एमाले उम्मेदवार अब्दुस मियाँको प्रचार टोलीमाथि आत्रमण गरेको आरोपमा दुई जनालाई प्रहरीले गिरफ्तार गरेको छ। तनँहु घर भएका अजित पन्त र राम सापकोटालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय गोरखाका एसपी केदार खनालले बताउनु भयो। कात्तिक २७ गते राति पालुङटार नगरपालिका-६ स्थित एक होटलमा बसिरहेको प्रचार टोलीमाथि आक्रमण भएको उम्मेदवार मियाँले आरोप लगाउनु भएको छ। घटनाको थप अनुसन्धान भइरहेको एसपी खनालले बताउनु भयो।

## कर्णाली प्रदेश

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि ९ लाख ८ हजार ४ सय ३३ मतदाता रहेको कर्णाली प्रदेशमा ४ लाख ४९ हजार ३० जना महिला मतदाता छन्। ४ लाख ५९ हजार ४ सय १ जना पुरुष मतदाता र दुई जना अन्य मतदाता रहेका छन्। कर्णाली प्रदेश निर्वाचनमा सहभागिता लागि निवेदन दिने दलको सङ्ख्या ४९ रहेको छ भने २८ ओटा निर्वाचन चिन्ह भएको मतपत्र प्रयोग हुने भएको छ। प्रतिनिधि सभाका लागि १२ निर्वाचन क्षेत्र भएको कर्णाली प्रदेशमा जुम्ला र दैलेख जिल्लाबाहेक अन्य जिल्लामा महिला उम्मेदवारको सङ्ख्या शुन्य रहेको छ।

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने मतदान प्रक्रियाका लागि अन्तिम अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका तर मतदान केन्द्रमा नखटिने कर्मचारी र सुरक्षाकर्मी, वृद्धाश्रममा रहेका व्यक्ति, निर्वाचन कसुरमा सजाय पाएका बाहेकका कारागारमा रहेका कैदी र बन्दीलगायतका व्यक्तिहरूले मतदान गर्ने गरी अस्थायी मतदान केन्द्र स्वीकृत गरिएको छ। निर्वाचन आयोगले हुम्लामा एक, डोल्पामा दुई, मुगुमा एक, जुम्लामा दुई, कालिकोटमा एक, दैलेखमा दुई, सल्यानमा तीन, रुकुम पश्चिममा दुई, जाजरकोटमा एक र सुर्खेतमा दुई गरी कर्णाली प्रदेशका १० जिल्लामा १७  ओटा अस्थायी मतदान केन्द्र स्वीकृत गरेको हो।

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभाकुमारी रावत**का अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले कात्तिक २८ गते निर्वाचन पूर्वको अवस्थाका बारेमा जिल्लामा रहेका सञ्चारकर्मीहरूसँग भेटघाट छलफल गरेको छ। इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा भएको कार्यक्रममा इन्सेकका पूर्व महासचिव डा. कुन्दन अर्याल, इन्सेक कर्णाली प्रदेशका संयोजक नारायण सुवेदी, कार्यक्रम संयोजक किरण पौडेल, नेपाल पत्रकार महासङ्घका अध्यक्ष ललित बसेललगायत जिल्लामा रहेका सञ्चारकर्मीहरूको सहभागिता थियो।

कार्यक्रममा सञ्चारकर्मीहरूले जिल्लामा भएका निर्वाचनसँग सम्बन्धित पूर्व गतिविधिहरू, कार्यक्रम, निर्वाचन आचारसंहिताको पालना र विभिन्न राजनीतिक दलका क्रियाकलाप र जिल्लाको सुरक्षा चुनौती आदि विषयमा साथै जिल्लाको अवस्था बारेमा छलफल गरेका थिए।

कार्यक्रममा बोल्दै इन्सेकका पूर्व महासचिव डा. कुन्दन अर्यालले निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउनका लागि पत्रकार र अधिकारकर्मीहरूले खेल्नुपर्ने भूमिकाबारे जानकारी गराउनु भएको थियो । नागरिकलाई स्वतन्त्ररुपमा मताधिकारको प्रयोग गर्ने वातावरणको लागि अधिकारकर्मी र पत्रकारहरूले जहिले पनि सम्बन्धित पक्षहरूलाई घच्घच्याइरहनुपर्नेमा उहाँले जोड दिनु भएको थियो । यस्तै इन्सेकका कर्णाली प्रदेश प्रमुख नारायण सुवेदीले कार्यक्रमबारे प्रकाश पार्दै निर्वाचनलाई निष्पक्ष बनाउनका लागि इन्सेकले खेलेको भूमिकाबारे जानकारी गराउनु भएको थियो र अझै सञ्चारकर्मीहरूबाट थप सल्लाह तथा सुझावहरू आवश्यक रहेको बताउनु भयो ।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** आसन्न मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि दक्षिण क्षेत्रका चारवटा गाउँपालिकाका मतदान केन्द्रका मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र बुझेका छन् । मतपत्र बुझ्नेमा सर्केगाड, चंखेली, अदानचुली र ताँजाकोट गाउँपालिका भित्रका २७ ओटा मतदान केन्द्रका मतदान अधिकृतले निर्वाचन सामग्री सहित मतपत्र बुझेर कार्य क्षेत्रतर्फ प्रस्थान गरेको मुख्य निर्वाचन अधिकृत दिलप्रसाद सापकोटाले जानकारी दिनु भयो ।

**रुकुम (पश्चिम) जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** जिल्ला निर्वाचन कार्यालय रुकुमपश्चिमले निर्वाचन सामाग्री वितरण सुरु गरेको छ । निर्वाचनका लागि मतदान केन्द्रमा लैजानको लागि कात्तिक २८ गतेदेखि मतदान समाग्री वितरण सुरु गरिएको निर्वाचन कार्यालयका प्रमुख कुमारी रिमा मल्लले जानकारी दिनु भयो ।

**जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** हिमा गाउँपालिका -७ खलढुङ्गाका सूर्य अधिकारी ह्वीलचियरमा आवतजावत गर्ने अपाङ्गता भएका व्यक्ति हुन् । यस्तै चन्दननाथ नगरपालिका-५ कालेखोलीका मोहन शाही र विष्णुमाया श्रेष्ठ ह्वलचियरमा आवतजावत गर्ने व्यक्ति हुन् । उनीहरू जस्तै मतदाना नामावली भएका अपाङ्गता भएका व्यक्तिहरू धेरै छन् । आसन्न निर्वाचनका लागि अपाङ्गमैत्री मतदानस्थल छैनन् ।

यस्तै चन्दननाथ नगरपालिका-७ खलाचौर हरिचन्द्र रावल पनि ह्वीलचियर आवतजावत गर्ने अपाङ्गता भएका व्यक्ति हुन् । यस्तै मतदाता नामावली भएका झण्डै ३ हजार अपाङ्गता भएका व्यक्तिहरू छन् । उनीहरूलाई मताधिकारको अधिकार छ । तर, उनीहरूलाई सहज रुपमा मतदान गर्नका लागि अपाङ्गमैत्री मतदानस्थल छैनन् ।

अपाङ्गता भएका व्यक्तिहरूलाई सहज रूपमा मतदान गर्नका लागि अपाङ्गमैत्री मतदानस्थल हुनुपर्ने सरकारको नीति नियम छ । निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी प्राप्त गरेका सरकारी निकायले अपाङ्गमैत्री मतदानस्थल बनाउन प्रयास गरेको अपाङ्गता भएका व्यक्ति सुर्य अधिकारीले गुनासो गर्नु भयो । कर्णाली प्रदेशको हिमाली जिल्ला जुम्ला भौगोलिक रुपमा विकट भएपनि समथर भएका स्थालमा अपाङ्गतामैत्री मतदानस्थल बनाउन सकिन्थ्यो तर राज्यका सरोकारवाला निकायको इच्छा शक्ति नभएको अपाङ्ग पुनर्स्थापना तथा विकास केन्द्र जुम्लाका अध्यक्ष रामकृष्ण न्यौपानले बताउनु भयो । जिल्ला निर्वाचन कार्यालय जुम्लाका सूचना अधिकारी अभिनन्द चौलागाईका अनुसार जुम्लामा ८३ मतदानस्थल र १ सय ६ मतदान केन्द्र छन् । सबै मतदानस्थल अपाङ्गमैत्री नभएको उहाँले बताउनु भयो ।

**मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवाल**का अनुसार निर्वाचनका लागि मतदान केन्द्रमा लैजानको लागि कात्तिक २८ गते मुगु जिल्लाका ६ ओटा मतदान केन्द्र डोल्पु, चिहाङडी, मुगु, दुमाना र किम्रीका लागि समाग्री वितरण गरी सम्बन्धित ठाँउमा सुरक्षाकर्मी सुहित टोली प्रस्थान गरेको जानकारी मुख्य निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकृत गोविन्द आचार्यले जानकारी दिनु भयो ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक कैलाली प्रतिनिधि मैनामोती चौधरी**का अनुसार आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधी सभा र प्रदेश सभा निर्वाचनका लागि जिल्लाका पाँच ओटै निर्वाचन क्षेत्रमा निर्वाचन सामाग्री, मतपेटिका, छाप, स्ट्यामप्याड, कपडा लगायतका सामग्री सम्बन्धीत क्षेकको निर्वाचन अधिकृतको कार्यालयमा पुगिसकेको जिल्ला निर्वाचन कार्यालय, कैलालीका सूचना  अधिकारी राजेश चौधरीले बताउनु भयो । उहाँले निर्वाचन अधिकृतको कार्यालयमा मतदान केन्द्र अनुसार मतपत्र मिलाउने काम भइरहेको समेत जानकारी गराउनु भयो । जिल्लामा राजनीतिक दलहरुको प्रचारप्रसारलाई तिब्रता दिएको भए पनि आचारसंहिता विपरीत गतिविधिहरु सञ्चालन भएको भनेर कसैले उजुरी नदिएको पनि निर्वाचन कार्यालय, कैलालीका सूचना अधिकारी चौधरीले जानकारी दिनु भयो ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र बिष्टका अनुसार** निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवारहरुले प्रचारप्रसारलाई तीब्रता दिएका छन् । निर्वाचन प्रचारप्रसारको क्रममा सार्वजनिक स्थानमा उम्मेदवारले चुनाव चिन्ह राखेको पाइएको छ । निर्वाचन आचारसंहितामा सार्वजनिक स्थानमा दलको झण्डा वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुँने भनिएको छ । तर, क्षेत्र नम्वर १ अन्तर्गत रहेका मुख्य बस्तीमा सत्तारुढ गठबन्धनका उमेदवारले दलीय झण्डा र उम्मेदवारको चुनाव चिन्ह रहेको झण्डा सार्वजनिक सडकमा राखेका छन् ।

प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ को लागि निर्वाचन आयोगबाट प्राप्त मतपत्रहरु रुजु तथा प्याकेजिङ्गको काम सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिनु भयो । निर्वाचन सम्पन्न गर्नका लागि जिल्लाका सम्पूर्ण मतदान केन्द्रमा खटिएका कर्मचारीहरुलाई कात्तिक २८ गते नियुक्ति पत्र प्रदान गरीएको छ । जिल्लामा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगी गरी १ हजार १ सय ५ जना कर्मचारी खटाइएको छ ।

**इन्सेक दार्चुला प्रतिनिधि नरेन्द्रसिह कार्की**का अनुसार राजनीतिक दलहरुले आचारसंहिता विपरित सार्वजनिक विद्युका पोल, सार्वजनिक स्थानमा दलका झण्डा टाँगेका छन् । इन्सेकले गरेको अनुगमनका क्रममा खलंगा बजार क्षेत्रमा रङ्गीचङ्गी बनाएर झण्डा व्यानर लगाएको पाइएको हो । नेकपा एमाले कात्तिक २६ गते चुनावीसभाको क्रममा मार्मा गाउँपालिकाको लटिनाथमा आमसभामा प्रयोग भएका उम्मेदवार र पार्टीका झण्डा भएका गाडी विद्यालय क्षेत्रमा पार्किङ गरेको भन्दै सत्तारुढ गठबन्धनले नेकपा एमालेका उम्मेदवारको विरुद्धमा उजुरी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । निर्वाचनमा खटिएका मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुले जिल्लामा रहेका १ सय ४१ ओटा मतदान केन्द्रमा निर्वाचन सामाग्री बुझेर जान सुरु गर्नु भएको जिल्ला निर्वाचन अधिकारी प्रदीपसिह धामीले बताउनु भयो ।

**इन्सेक कञ्चनपुर प्रतिनिधि लिली कुँवर**का अनुसार आसन्न मङ्सिर ४ गते हने प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा खटिने कर्मचारीहरुलाई मतदान केन्द्रमा पुग्नु अघि र पुगेपछि गर्नु पर्ने काम, कर्तव्य, अधिकार क्षेत्र, मतदान केन्द्र निर्माण गर्ने तरिका, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, निर्वाचन सकिएपछि के के गर्ने लगायतका कानुनी र व्यवहारीक विषयमा अभिमूखिकरण कार्य सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भानबहादुर महराले बताउनु भयो ।

कात्तिक २७ गते जिल्ला निर्वाचन कार्यालयमा बसेको बैठकले कर्मचारी छनौट गरीएको, जिल्लाका तीन ओटै निर्वाचन क्षेत्रका लागि मतपत्र पुगिसकेको, मतदान केन्द्र अनुसार मतपत्र मिलाउने, मतपेटिका, छाप, स्ट्याम्पप्याड, कपडालगायत सामग्री व्यवस्थापनको काम भइरहेको मुख्य निर्वाचन अधिकृत ध्रुवकुमार शाहले बताउनु भयो ।

प्रतिनिधिसभाका लागि तीन ओटा निर्वाचन क्षेत्र रहेको जिल्लाको क्षेत्र नम्बरं १ मा ९१ हजार १ सय १०, क्षेत्र नम्बर २ मा १ लाख ५ हजार ५ सय ७७ र क्षेत्र नम्बर ३ मा ९७ हजार ८ सय २२ मतदाता छन् । जिल्लामा १ सय ३२ मतदानस्थल र ३ सय ४६ मतदान केन्द्र रहेका छन । एक मतदान केन्द्रमा आठ जनाका दरले जिल्लाभरी २ हजार ७ सय ६८ जना कर्मचारी छनौट गरी परिचालन गरीएको जिल्ला निर्वाचन अधिकारी उदयराज जोशीले बताउनु भयो । कारागारका कैदीबन्दी र कर्मचारीका लागि जिल्ला कारागार र भीमदत्त नगरपालिकामा दुई ओटा अस्थायी मतदान केन्द्र राखिएको समेत जिल्ला निर्वाचन अधिकारी जोशीले बताउनु भयो ।

बेदकोट नगरपालिका-१० चत्थरमा निर्वाचन आचारसंहिता विपरीत सार्वजनिक स्थलमा राजनीतिक दलका झण्डा, पोष्टर, उम्मेदवारको चुनाव चिन्ह अङ्कित तोरण प्रयोग गरिएका पाइएको इन्सेकका पर्यवेक्षक धर्मा रोकायाले जानारी दिनु भएको छ । निर्वाचन आचारसंहिता ०७९ को परिच्छेद ४ को धारा १३ को उपधारा १ (थ) मा दलको झण्डा वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने उल्लेख छ । निर्वाचन आचारसंहितको खण्ड (घ) मा कुनै पनि राजनीतिक दल, उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा, आमसभामा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने उल्लेख गरिएको भए पनि राजनीतिक दलहरुले शुक्लाफाँटा नगरपालिका-४ मा चुनाव चिन्ह अङ्कित झण्डा बालबालिकाहरुलाई बोकाएर प्रचारप्रसारमा प्रयोग गरिएको पाइएको छ ।

२०७९ कात्तिक २८ गते

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org